# एभरेष्ट बैंक लिमिटेडको ३० औं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) :

१. **सभाको काम कारवाही:**

मिति २०८१ साल भदौ २८ गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समितिको ३७३ औं बैठकले निर्णय गरे अनुसार ३० औं बार्षिक साधारण सभा गर्न निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका अध्यक्ष डा. बाल गोपाल बैद्य ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) देहाय बमोजिम छ ।

२. **सभाको मिति, समय र स्थान:**

मिति: २०८१ साल आश्विन २० गते आइतबार तदनुसार ६ अक्टोबर, २०२४<br>
समय: बिहान ११:०० बजे<br>
स्थान: आम्रपाली ब्यांक्वेट, भाटभटेनी काठमाडौं ।

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

कम्पनी ऐन, २०६३ को ६७(२) बमोजिम ३० औं बार्षिक साधारण सभा गर्नका लागि सभा हुने मिति, स्थान र छलफल गर्ने विषय समेत खोली २०८१ साल भदौ २९ तथा २०८१ साल भदौ ३० गतेको नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभामा उपस्थिति:**

४.१ **संचालक समिति / प्रमुख कार्यकारी अधिकृत:**

१) डा. बाल गोपाल बैद्य - अध्यक्ष<br>
२) श्री किरण कृष्ण श्रेष्ठ - संचालक<br>
३) श्री राकेश ग्रोवर - संचालक<br>
४) श्री नविन भक्त श्रेष्ठ - संचालक<br>
५) श्रीमती उर्मिला श्रेष्ठ - संचालक<br>
६) डा. तारक बहादुर के.सी - संचालक<br>
७) श्री सुदेश खालिङ - प्रमुख कार्यकारी अधिकृत

४.२ **पर्यवेक्षक / पदाधिकारी:**

१) श्री वसन्त बहादुर खत्री - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय<br>
२) श्री शम्भु थापा - वरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार<br>
३) श्री प्रकाश श्रेष्ठ - लेखापरीक्षक<br>
४) श्री विजय कुमार शर्मा - नायब प्रमुख कार्यकारी अधिकृत<br>
५) श्री केशव राज पौडेल - नायब महाप्रबन्धक<br>
६) श्री आशुतोष शर्मा - नायब महाप्रबन्धक<br>
७) श्री सन्तोष कुमार भट्टराई - सहायक महाप्रबन्धक<br>
८) श्री विष्णु प्रसाद ज्ञवाली - सहायक महाप्रबन्धक<br>
९) श्री सुरेश चापागाईं - कम्पनी सचिव

EVEREST BANK LTD. Head Office Kathmandu



CamScanner

४.३ शेयरधनीहरुको उपस्थिति (स्वयं तथा प्रोक्सी वा प्रतिनिधि मार्फत) : ८५६ जना ।

५. **सभाको गणपूरक संख्या:**

| कुल शेयर संख्या | शेयरधनी संख्या | उपस्थित संख्या | स्वयं | प्रतिनिधि / प्रोक्सी मार्फत | उपस्थिति (शेयर) प्रतिनिधित्व | शेयरको प्रतिनिधित्व (%) |
|---|---|---|---|---|---|---|
| ११७,६७९,०३८.८० | ६३,०८६ | ८५६ | ८४२ | १४ | ६९,०८५,६८५ | ५८.७१% |

६. **सभाको वैधानिकता:**

कुनै पनि साधारण सभा सम्पन्न हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुँदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

(क) कम्पनी ऐन, २०६३ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो। वार्षिक साधारण सभाको सूचना २०८१ साल भदौ २९ तथा २०८१ साल भदौ ३० गतेको नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो|

(ख) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथि बुँदा नं ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपूर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्वन्धि कारवाही आगाडि बढाउन अनुरोध गरियो ।

७. **सभाको सभापतित्व र सभा संचालन:**

कम्पनी सचिव श्री सुरेश चापागाईंले बैंकका उपस्थित संचालकहरुको परिचय गराउदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समिति अध्यक्ष डा. बाल गोपाल बैद्य ज्यूले गर्नु हुने व्यहोरा सभामा जानकरी गराउनु भयो ।

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई आगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री सुरेश चापागाईंले सभाको निर्धारित विषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो ।

EVEREST BANK LTD.
Head Office
Kathmandu



CamScanner

८. **सभाको विषयसूची र प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०८०/८१ को नाफा नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. मिति २०८१/०५/२१ मा बसेको संचालक समितिको ३७२ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

(क) १०% का दरले बोनस शेयर जारी गर्ने – विशेष प्रस्ताव

(ख) ५.५३% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने

४. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धि विशेष प्रस्ताव पारित गर्ने,

(क) बैंकले प्रस्तावित बोनस शेयर जारी भए पश्चात जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ख) संचालकलाई नेपाल भित्र, भारत र नेपाल तथा भारत बाहिर अन्य देशको भ्रमण गर्नु पर्दा दैनिक भत्ता विगत ९ बर्ष देखि पुनरावलोकन नभएकोले हालको मुद्रास्फीतिलाई मध्यनजर गरी हाल कायम रहेको दैनिक भत्ता परिवर्तन गर्नका लागि नियमावलीको नियम २८(१)(ग) सोही बमोजिम संशोधन गर्ने ।

५. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने।

६. आ.व २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

७. विविध

९. **संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन:**

निर्धारित विषय सूची १ मा उल्लेख भए बमोजिमको संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई प्राप्त भईसकेको कारणले अनावश्यक पुनरावृत्ति नहोस भन्ने उद्धेश्य एवं समयको बचतका लागी सभापति ज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनु भयो ।

▲ गत बर्ष यस बैंकको अध्यक्ष श्री विष्णु कृष्ण श्रेष्ठ ज्यू लाई गुमायौ | यस बैंकलाई अहिलेको स्थानमा पुर्याउन वहाँको ठुलो योगदान छ | यो बैंकको शुरुका बर्षहरु कठिन थिए | त्यो स्थितिबाट सम्हालेर एभरेष्ट बैंकलाई एउटा सफल बैंक बनाउन उहाँको बुद्धिमानी नेत्रित्वको ठुलो भूमिका छ | उहाँको अनुपस्थिति हामीलाई सधैं खड्की रहने छ | उहाँको आत्माको चीर शान्तिको कामना गर्दछु |

▲ नेपालको आर्थिक स्थिति विषम अवस्थामा रहेको तथ्य यहाँहरुलाई विदितै छ | देशको हालका केही बर्षहरुको क्षीण आर्थिक वृद्धि दरले हाम्रो एउटा देश बन्ने सपना मृगमरिचिका मात्र होला जस्तो छ | यो विषम परिस्थिति असर देशको बैंकिङ्ग क्षेत्रमा पर्नु स्वभाविकै हो | त्यसैले बैंकहरुको खराब कर्जा बढ्दो छ र कर्जा प्रवाह जुन रुपमा हुनु पर्ने हो त्यो भैरहेको छैन |

▲ बर्तमान परिस्तिथिमा पनि बैंकले खराब कर्जा एक प्रतिशत भन्दा कम (०.७१%) नै राख्न समर्थ भएको छ र हालका महिनाहरुमा यसलाई घटाउदै लैजान हामी सफल भएका छौ | यसका लागि अथक प्रयास गर्ने

EVEREST BANK LTD. Head Office Kathmandu



CamScanner

व्यवस्थापन र कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । हाल कायम रहेको हाम्रो खराब कर्जाको प्रतिशत बैंकिङ्ग क्षेत्रकै सबै भन्दा कम रहेको छ ।

▲ एभरेष्ट बैंक लिमिटेडले विगत २५ बर्ष देखि निरन्तर रुपमा सन्तोषजनक प्रतिफल दिदै आएको छ । COVID का दुई बर्ष बाहेक अरु सबै बर्षमा १५ प्रतिशत वा सो भन्दा बढी नै लाभांस दिदै आएको छ । शेयरधनीहरुले उचित प्रतिफल पाउनु पर्छ र यसमा निरन्तरता हुनु पर्छ भन्ने हाम्रो धारणा हो र यसको लागि हामी प्रयासरत छौ । यसको लागि हामीले हाम्रो कारोबार बृद्धि गर्दै लैजानु पर्छ र त्यस को लागि हामी देशका सम्भाव्य स्थानहरुमा बैंकको शाखाहरु विस्तार गर्दै जानेछौ । साथै बैंकले आधुनिक सूचना प्रविधिको सकेसम्म बढी फाइदा लिन हाम्रो HARDWARE र SOFTWARE Upgrading मा २०८१/८२ मा ठुलै लागनी गर्दै छौ ।

१०. <u>छलफलका लागि आह्वान</u>:

तत्पश्चात सभापति ज्यूको आज्ञा अनुसार कम्पनी सचिव श्री सुरेश चापागाईले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तव्य प्रकट गरी दिनु हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नु भयो ।

आफ्नो मन्तव्यको क्रममा सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुले आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र साधारण सभा सम्पन्न गरेकोमा बैंक व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै शेयरधनीरुलाई १०% बोनस शेयर जारी गर्ने तथा ५.५३६ नगद लाभांश (वोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने सिफारिश गरेकोमा सो प्रस्ताव स्वागत गर्नु भयो ।

साथै सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुले २०८१ सालको विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत ११४४ तथा छठ पर्वको उपलक्ष्यमा बैंकको संचालक समिति, पदाधिकारी तथा कर्मचारी र सम्पूर्ण शेयरधनि महानुभावहरुलाई सुख, शान्ति समृद्धि, सु-स्वास्थ्य र दिर्घायुको लागि हार्दिक मंगलमय शुभकामना दिनु भयो ।

शेयरधनी महानुभावहरुले बैंकले हासिल गरेको सफलता र उचाईलाई कायम राख्दै शेयरधनीहरुलाई प्रदान गर्दै आएको बोनस शेयर तथा नगद लाभांशको प्रतिशत भविष्यमा पनि नघटोस भन्ने आकांक्षा व्यक्त गर्नु भयो ।

३० औं बार्षिक साधारण सभामा निम्न वमोजिमका वक्ताहरुले आफ्नो राय, सल्लाह र सुझावहरु पेश गर्नु भएको थियो:

१. श्री सत्रुघन श्रेष्ठ
२. श्री जगन्नाथ आचार्य
३. श्री व्यास कुमार शर्मा
४. श्री सुदिप श्रेष्ठ
५. श्री कृष्ण प्रसाद अधिकारी
६. श्री भक्ति प्रसाद उप्रेती
७. श्री गुण राज भट्ट
८. श्री वैजुनाथ प्रसाद रौनियार
९. श्री युगल बसेल

EVEREST BANK LTD. Head Office Kathmandu

१०. श्री गोविन्द बास्तोला
११. श्री निरुपमा गुप्ता
१२. श्री उद्धव प्रसाद घिमिरे
१३. श्री चन्द्र नारायण श्रेष्ठ
१४. श्री इन्द्र कृष्ण श्रेष्ठ
१५. श्री नरसिंह लाल चंखु

**सभापति र प्रमुख कार्यकारी अधिकृतज्यूबाट प्रत्युत्तरः**

सभापति र प्रमुख कार्यकारी अधिकृत ज्यूले शेयरधनी महानुभावहरुले बैंकको वार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनु भएकोमा धन्यवाद दिनु भयो र शेयधनी महानुभावहरुबाट व्यक्त मन्तव्य सुझाव तथा सल्लाह, जिज्ञासा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्म सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।

११. **सभाको निर्णयहरुः**

१. निर्धारित विषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुँदा सर्वसम्मतिवाट अनुमोदन गरियो ।

२. निर्धारित विषय सूची नं. २ अनुसार लेखापरीकक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त २०८०/८१ को नाफा नोक्सान हिसाव तथा सोही अवधि नगद प्रवाह बिवरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. निर्धारित विषय सूची नं. ३ अनुसार मिति २०८१/०५/२१ मा बसेको संचालक समितिको ३७२ औं बैठकले, शेयरधनीहरुलाई हालको चुक्ता पूँजीको १०% का दरले हुने रु. १,१७६,७९०,३८८/- बराबरको बोनस शेयर र ५.५३% का दरले हुने रु. ६५०,७६५,०८५/- बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरि पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. निर्धारित विषय सूची नं. ४ अनुसार प्रबन्धपत्रको दफा ५(ख), ५(ग) र नियमावलीको नियम २८(१) (ग) मा देहाय बमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| 5(ख)<br>बैंकको तत्काल जारी पूँजी रू. ११,७६७,९०३,८८०/- (अक्षरेपी: एघार अर्ब छयत्तर करोड उनान्नअसी लाख तीन हजार आठ सय असी रूपैया) हुने छ ।<br>५(ग) | ५(ख)<br>बैंकको तत्काल जारी पूँजी रू. १२,९४४,६९४,२६८/- (अक्षरेपी: बाह्र अर्ब चौरानब्बे करोड छयालिस लाख चौरानब्बे हजार दुई सय अडसठी रूपैया) हुने छ ।<br>५(ग) |

| | |
|---|---|
| बैंकको तत्काल चुक्ता पूँजी रू. ११,७६७,९०३,८८०/- (अक्षरेपी: एघार अर्ब छयत्तर करोड उनाण्नअसी लाख तीन हजार आठ सय असी रूपैया) हुने छ । | बैंकको तत्काल चुक्ता पूँजी रू. रू. १२,९४४,६९४,२६८/- (अक्षरेपी: बाह्र अर्ब चौरानब्बे करोड छयालिस लाख चौरानब्बे हजार दुई सय अडसठी रूपैया) हुने छ । |

**बैंकको नियमावलीको नियम २८(१) (ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| २८(१) (ग)<br>बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुने छ:<br>(अ) नेपाल भित्र भ्रमण गर्नु पर्दा संचालकलाई दैनिक भत्ता वापत रु. ९७५०/- तथा वास्तविक भ्रमण खर्च प्रदान गरिने छ।<br>(आ) भारतमा भ्रमण गर्नु पर्दा संचालकलाई दैनिक भत्ता वापत भा. रु. ९७५०/- तथा वास्तविक भ्रमण खर्च प्रदान गरिने छ।<br>(इ) नेपाल तथा भारत बाहिर अन्य देशमा भ्रमण गर्नु पर्दा संचालकलाई दैनिक भत्ता वापत ४५५ अमेरिकी डलर तथा वास्तविक भ्रमण खर्च प्रदान गरिने छ। | २८(१) (ग)<br>बैंकको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुने छ:<br>(अ) नेपाल भित्र भ्रमण गर्नु पर्दा संचालकलाई दैनिक भत्ता वापत रु. १५०००/- तथा वास्तविक भ्रमण खर्च प्रदान गरिने छ।<br>(आ) भारतमा भ्रमण गर्नु पर्दा संचालकलाई दैनिक भत्ता वापत भा. रु. १५०००/- तथा वास्तविक भ्रमण खर्च प्रदान गरिने छ।<br>(इ) नेपाल तथा भारत बाहिर अन्य देशमा भ्रमण गर्नु पर्दा संचालकलाई दैनिक भत्ता वापत ५५५ अमेरिकी डलर तथा वास्तविक भ्रमण खर्च प्रदान गरिने छ। |

५. निर्धारित विषय सूची नं. ५ अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना संचालकको निर्वाचन गर्ने कार्यक्रम रहेकोमा सभापति ज्यूको आज्ञा लिई कम्पनी सचिव श्री सुरेश चापागाईले निर्वाचन कार्यका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत श्री प्रविण खरेललाई निर्वाचन कार्यक्रम सम्वन्धि विस्तृत विवरण सभालाई जानकारी गराउन अनुरोध गर्नु भएकोमा निर्वाचन अधिकृत श्री प्रविण खरेलले भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ४ बोलाछे टोल निवासी श्री नबिन भक्त श्रेष्ठ तथा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २ सानेपा निवासी श्रीमती उर्मिला श्रेष्ठ निर्विरोध संचालक निर्वाचित भएको व्यहोरा सभामा जानकारी गराउनु भयो।

६. निर्धारित विषय सूची नं. ६ अनुसार आ.व २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा बैंकको लेखापरीक्षण समितिले तीन जना लेखापरीक्षक क्रमश: (१) J.B Rajbhandary & D Bins, (२) Dev Associates Chartered Accountants र (३) N. Amatya & Company को नाम साधारण सभामा नियुक्ति लागि सिफारिश गरे बमोजिम उक्त फर्महरुको बैंकिङ्ग अनुभव, लेखापरीक्षणको निम्ति शुल्क, कार्य कुसलता तथा फर्मका दक्ष कर्मचारी संख्या लगायतका मापदण्डहरुलाई मध्यनजर गरि बैंकको लेखापरीकक्षक नियुक्ति सम्बन्धी नीतिले तोके बमोजिम प्राप्त अंकका अधारमा N. Amatya & Company, Chartered Accountants लाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ३०,००,०००/- (अक्षरेपी तीस लाख रुपैयाँ ) र सो मा लाग्ने कर समेत प्रदान गर्ने निर्णय सर्वसम्मतिवाट पारित भयो ।

EVEREST BANK LTD. Head Office Kathmandu

१२. <u>धन्यवाद ज्ञापन:</u>

सभापति ज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्याधिक जोश, जाँगर, उत्साह र उमंगका साथ साधरण सभामा भाग लिई साधरण सभामा सक्रिय रुपमा छलफलमा संलग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनी महानुभावहरुका साथै सम्बन्धित सबैलाई धन्यवाद दिनु भयो ।

१३. <u>सभा विसर्जन:</u>

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण विषय सूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै अध्यक्ष ज्यूले अपरान्ह १:३५ बजे सभा विसर्जन गर्नु भयो ।

........................

सुरेश चापागाई
कम्पनी सचिव

EVEREST BANK LTD.
Head Office
Kathmandu

........................

डा. बाल गोपाल वैद्य
अध्यक्ष

मिति: २०८१/०७/०५